बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)
Children as Zones of Peace National Campaign (CZOP)

नयाँ बानेश्वर, थापागाउँ
०१ ५२४४०६२

२०७९ चैत्र २८ गते

सम्माननीय सभामुखज्यू
प्रतिनिधिसभा

विषयः "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१" को तेस्रो संशोधन विधेयकमा बालबालिकाका विषय समावेश सम्बन्धी अनुरोधात्मक ज्ञापनपत्र।

सर्वप्रथम त, नेपाल कम्युनिष्ट पार्टी (एमाले) को प्रमुख सचेतक जस्तो गरीमामय पदको जिम्मेवारी सम्हानु भएकोमा बाल अधिकारको क्षेत्रमा क्रियाशील समग्र नागरिक समाज सञ्जालको तर्फबाट यहाँलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं। यहाँको कुशल तथा प्रभावकारी नेतृत्वमा नेकपा (एमाले) बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा प्रवर्धनका लागि कानूनी, नीतिगत, संरचनागत तथा कार्यक्रमिक रूपमा अझ प्रतिबद्द हुनेछ भन्ने अपेक्षा समेत गर्दछौं।

सम्वत् २०५२ साल फाल्गुण १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकार तथा बाल अधिकारको गम्भीर उल्लंघन भएको तीतो यथार्थ हामी बीच जगजायरै छ। यस अवधिमा भएका बालबालिकाको हत्या, अपहरण, वेपत्ता पारिने, यौन हिंसा तथा दुर्व्यवहार गर्ने, अंगभंग पार्ने, बाल सैन्यको रुपमा प्रयोग गर्ने, शुराकीको रुपमा प्रयोग गर्ने जस्ता मानवता विरुद्दको कार्यले बाल अधिकारको गम्भीर उल्लंघन भएको प्रष्ट पार्दछ। विस २०५२ साल फागुन १४ गते ११ वर्षीय बालक दिल बहादुर रम्तेलको गोरखामा भएको हत्या, विस २०६० साल असोज २६ गते डोटी जिल्लाको मुडभरास्थित शारदा मावि भएको आक्रमणमा परी ज्यान गुमाएका ४ जना बालबालिका सहित सिविन नेपालले संकलन गरेको तथ्यांक अनुसार यस अवधिमा ४ सय ६९ जना बालबालिकाले ज्यान गुमाएको तथा ५ सय ५३ जना घाइते भएको देखिएको छ। यसैगरी बलात्कार पछि हत्या गरिएकी १५ वर्षीय मैना सुनुवारले न्याय प्रणालीलाइ नै अझै जिस्काइ रहेको छ। यी र यस्ता विविध घटनाबाट पीडित तथा प्रभावित बालबालिकाको न्याय नै हाम्रो माग हो। सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनर्स्थापना तथा पुनर्एकीकरणका लागि राष्ट्रिय कार्ययोजना २०६७ को कार्यान्वयनार्थ तत्कालीन केन्द्रीय बाल कल्याण समितिले २० जिल्लाबाट संकलन गरेको तथ्यांक अनुसार ४ सय ४८ जना बालक र ३ सय ४२ जना बालिका गरी ७ सय ९० जना बालबालिकाले आमाबाबु दुवै गुमाएको र १८ हजार ६ सय ६५ जना बालबालिका ( १० हजार ७ सय ९४ जना बालक र ७ हजार ८ सय ७१ जना बालिका) प्रभावित भएको देखिएको छ। यसैगरी सन् २०१० को डिसेम्बरमा सैन्य समायोजनका लागि भएको योग्यता परीक्षण अनुसार १ हजार ८ सय ४३ जना बाल सैन्य रहेको पुष्टि भएको थियो। सो अवधिमा बालबालिकालाई प्रत्यक्ष रुपमा सेवा प्रवाह गर्ने विद्यालय तथा स्वास्थ्य संस्थाहररुमा भएको क्षतिको एकीन तथ्यांक अझै पनि हामीसँग उपलब्ध छैन।

नेपालको संविधानको धारा ३९ को उपधारा (६) ले कुनैपनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोगलाई निषेध गरेको छ भने उपदफा (९) ले द्वन्द्वपीडित बालबालिकालाइ राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक सुनिश्चित गरेको छ। नेपाल पक्ष राष्ट्र भएको बाल अधिकार सम्बन्धी महासन्धि १९८९ तथा यसको इच्छाधीन आलेख २००० ले सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नतालाई निषेध गरेको छ। यसैगरी बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ७ को उपदफा (७) मा कुनै पनि बालबालिकालाइ सेना प्रहरी र सशस्त्र समूहमा

नयाँ बानेश्वर, थापागाउँ
०१ ५२४४०६२

भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यका लागि प्रयोग गर्न नपाइने व्यवस्था उल्लेख गरेको छ। यसैगरी उपदफा (८) मा सशस्त्र द्वन्द्वको लागि कुनैपनि बहानामा विद्यालयमा आक्रमण गर्न वा सञ्चालन तथा व्यवस्थापनमा अवरोध पुर्याउन निषेध गरेको छ।विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले बालबालिका तथा विद्यालयलाई सशस्त्र द्वन्द्वबाट प्रभाव पार्न नहुने गरी शान्तिक्षेत्रको रुपमा स्थापित गरेको छ।

सशस्त्र द्वन्द्वले मुलुक आक्रान्त भएको बेलामा बालबालिका तथा विद्यालय शान्तिक्षेत्र हुनु पर्छ भनी राज्यपक्ष तथा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)सँग रचनात्मक वार्तालाप गरी सो मान्यतालाइ कानूनी तथा नीतिगत रुपमा स्थापित गर्न सन् २००३ देखि क्रियाशील रहेको नागरिक समाजको राष्ट्रिय सञ्जाल नै बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान हो।यसले स्थापना कालदेखि नै सरकारलाइ रचनात्मक सल्लाह र सुझाव उपलब्ध गराउनुका साथै बाल अधिकारको प्रवर्धनका लागि सहकार्य समेत गर्दै आइरहेको छ। यसै सन्दर्भमा नेपाल सरकारले २०७९ फागुन २५ गते “बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१” को तेस्रो संशोधन विधेयक आवश्यक परिमार्जन नगरी पुनः संसद सचिवालयमा दर्ता गराएको प्रति यस अभियान लगायत बाल अधिकारको क्षेत्रमा क्रियाशील समग्र नागरिक समाज सञ्जालको गम्भीर ध्यानाकर्षण भएको छ।उक्त संसोधन विधेयक बाल अधिकारको दृष्टिकोणबाट संवेदनशील नरहेको हुँदा तपसिलका बुँदाहरु अनिवार्य समावेशी गरी बालबालिकाप्रतिको संवेदनशीलतालाई स्पष्ट पार्न हामी जोडदार माग गर्दछौः

१. सशस्त्र द्वन्द्वको समय तथा अवधिमा बालबालिकामाथि भएका कुनै पनि हिंसा तथा दुर्व्यवहार एवम् ज्यादतीलाई मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषाभित्र अनिवार्य समावेश गर्ने।
२. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलापको सिङ्गो प्रक्रिया बालसंवेदनशील र उत्तरदायी हुनुपर्ने
३. सशस्त्र द्वन्द्वको समय तथा अवधिमा बालबालिकाको हितका लागि प्रयोग हुने विद्यालय, स्वास्थ्य संस्था लगायतका सार्वजनिक स्थानहरुमा भएको क्षति तथा त्यसले बालमनोविज्ञानमा पारेको असरको समेत उचित मूल्याङ्कन गर्नुका साथै दोषीमाथि कारवाही हुनुपर्ने
४. बालबालिकाविरुद्दको हिंसा तथा दुर्व्यहारमा संलग्न पीडकलाइ कदापी क्षमादान गर्न नहुने
५. क्षतिपूर्ति तथा परिपूरणको निर्धारण गर्दा बालबालिकामा परेको प्रभावलाइ मुख्य प्राथमिकतामा राख्नुपर्ने
६. सशस्त्र द्वन्द्वको समय तथा अवधिमा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलापको सिङ्गो प्रक्रियामा द्वन्द्वरत पक्षहरुको बालबालिकाप्रतिको दृष्टिकोण बुझ्नुपर्ने
७. सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग, बालबालिकामाथि भएको शोषण, बाल अधिकार हननको कारण पहिचान गरी भविष्यमा यस्ता घटना हुन नदिने सुनिश्चितताका लागि गरिनुपर्ने कानूनी, नीतिगत तथा संरचनागत सुधारका लागि सिफारिस गर्ने कार्यलाइ आयोगको काम, कर्तव्य र जिम्मेवारीभित्र समेट्नुपर्ने

राजेश शर्मा
अध्यक्ष